# नेपाल बैंकर्स संघका तर्फबाट सुझावहरु

| क.सं. | हालको व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|
| १ | **दफा २(कब)**<br><br>“सामान्य व्याज दर ” भन्नाले वार्षिक पन्ध्र प्रतिशतको व्याजको दर सम्झनु पर्छ । | **“सामान्य व्याज दर ” भन्नाले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई स्वीकारयोग्य धितोमा ऋण प्रदान गर्दा समयानुकुल रुपमा लिने बैंक दर सम्झनु पर्छ ।** | बैंक तथा वित्तीय संस्थाले कर्जा तथा निक्षेपको प्रचलित व्याज दर बजारको माग अनुसार तय गरिरहेको अवस्थामा आयकर ऐनमा पनि व्याजदरको निगरानी राख्ने कैन्द्रीय बैंकले प्रकाशित गरेको दरलाई स्वचालित गर्नुपर्ने । |
| २ | **दफा १२**<br>(१) कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउने दाबी गर्न सक्नेछ ।<br><br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ त्यो भन्दा बढी हुने छैन । | (१) कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउने दाबी गर्न सक्नेछ ।<br><br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च **पाचँ लाख रुपैयाँ** वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ त्यो भन्दा बढी हुने छैन । | व्यवसाय सञ्चालनको क्रममा विभिन्न कर छुट पाउने सामाजिक संस्थालाई चन्दा दिनु पर्ने अवस्था श्रृजना भै रहने र ऐनमा भएको छुटको सिमा ऐनको प्रारम्भ भएको अवस्थाको अर्थिक तथा मूल्य अवस्थालाई अध्यन गरी भएको तर हालको अवस्थामा आर्थिक तथा मूल्यको अवस्थामा परिवर्तन भएकोले यसलाई समसामयिक वनाउनु पर्ने भएकाले । |
| ३ | **दफा १२ घ**<br><br>हाल नभएको | **संस्थागत सामाजिक उत्तरदायित्वको लागि भएको खर्च आयकर प्रयोजनको लागि खर्च ।** | व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुट्टयाएको रकम व्यवसाय कार्यहरुका नै लागि भएको हुँदा यी खर्चहरु कट्टी गर्न पाइनुपर्ने । औद्योगिक ऐन, २०७६ को दफा ५४ ले पनि उद्योगहरुले खुद मुनाफाको १ प्रतिशत रकम सामाजिक उत्तरदायित्वमा खर्च गर्नुपर्ने र सो खर्च गरिएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी को व्यवस्था गरिएको । |

<u>नेपाल बैंकर्स संघका तर्फबाट सुझावहरु</u>

| | | | |
|---|---|---|---|
| ४ | **दफा ५९(१क)**<br>नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ । | नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको **असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ** । | बैकले असुल हुन बाँकी कर्जा रकमको जोखिम व्यहोर्न जोखिम कोषमा नेपाल राष्ट्र बैंकले तोकेको निर्देशिकाको आधारमा गर्नु पर्ने व्यवस्था रहेको छ। यस अन्तर्गत कस्तो कर्जामा कति प्रतिशतले व्यवस्था गर्ने भन्ने विषयमा देशको तत्कालीन आर्थिक अवस्थालाई मध्य नजर गरी निर्धारण गरेको हुन्छ । बैंकको कर्जा सहज रुपमा असुल नहुनुमा ऋणी तथा बैंकको कारण मात्र नभई देशको आर्थिक अवस्थाको कारण पनि रहेको हुन्छ । यस अवस्थामा जोखिम व्यहोर्ने कोषमा जम्मा भएको रकममा, करको व्यवस्थामा भएको सिमाको कारणले, बैंकहरुमा नोक्सानीको अवस्थामा समेत करको दायित्व सृजित हुने अवस्था रहेको छ। यसर्थ वास्तविक व्यवस्थालाई मान्यता दिन मनासिव देखिने भएकाले । |
| ५ | **<u>दफा ८७</u>** (१)<br>प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारिबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेस गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानि गर्दा अनुसुचि १ बमोजिम को दरले हुने कर कट्टी गर्नु पर्नेछ । | प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारिबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेस गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानि गर्दा अनुसुचि १ बमोजिम को दरले हुने कर कट्टी गर्नु पर्नेछ ।<br><br>**तर कुनै व्यक्तिले आफ्नो कर्मचारी तथा अन्य व्यक्तिको व्यवसायिक कार्यको सम्वन्धमा मृत्यु भएको वा अशक्त भएको कारणले भुक्तानी दिएको** | व्यवसायको सिलसिलामा आफ्नो कर्मचारीको मृत्यु भएको वा गम्भिर चोट पटक लागेको वा अशक्त भएको अवस्था ती व्यक्तिलाई दिएको भुक्तानी गरेको तथा दुख पर्दा सहयोग गरेको रकमलाई करको दायराभित्र राख्न उचित नहुने भएकोले । |

| | | | |
|---|---|---|---|
| | | **रकम तथा औषधोउपचारको लागि प्रदान गरिने रकम , काजक्रियाको लागि प्रदान गरिने रकममा कर कट्टी गर्नु पर्ने छैन ।** | |
| ६ | **दफा ८८ (३)**<br>उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्ड वापत देहाय बमोजिमको ब्याज वा ब्याज वापतको कुनै रकम भुक्तानी दिंदा कूल भुक्तानी रकममा छ प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ :-<br>(क) नेपालमा स्रोत भएको, र<br>(ख) व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्ड वापत देहाय बमोजिमको ब्याज वा ब्याज वापतको कुनै रकम भुक्तानी दिंदा कूल भुक्तानी रकममा **पाँच प्रतिशतका दरले** करकट्टी गर्नु पर्नेछ :-<br>(क) नेपालमा स्रोत भएको, र<br>(ख) व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको | वर्तमान समयमा बैंकले निक्षेपकर्ताहरुलाई दिने वार्षिक व्याजदर विगतको वर्षहरुको तुलनामा निकै कम रहको छ । व्याजदरमा लाग्ने कर घटाउँदा व्याज आम्दानीमा निर्भर हुने साना बचतकर्ता, तथा जोखिम नलिने लगानीकर्ताहरुलाई लाभ पुऱ्याउँछ भने औपचारिक बैंकिङ्ग प्रणालीमा घरपरिवारको बचत बढाउन प्रत्साहन गर्ने देखिएकाले अग्रिम करको दरमा परिवर्तन गर्नु उपयुक्त देखिन्छ । |
| ७ | **दफा १०१ (३)**<br>बिभागले उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गर्दा देहायको मितिले ४ वर्षभित्र गरिसक्नुपर्नेछ । | बिभागले उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गर्दा देहायको मितिले **२ वर्षभित्र** गरिसक्नु पर्नेछ । | कुनै द्बिबिधा भएको अवस्थामा समेत पहिले गरेको कर निर्धारण फरक पर्न गई संशोधित कर निर्धारण ४ बर्षपछि हुनजाँदा करको दायित्व -ब्याज र शुल्क) अत्याधिक बढ्न जाने हुँदा अव्यवहारिक देखिन जाने हुनाले यसको अवधि घटाउँदा उपयुक्त हुन जाने देखिन्छ । |
| ८ | **दफा ११९ कर नबुझाएमा व्याज लाग्ने**<br>कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको | **थप व्यवस्था** | |

<u>नेपाल बैंकर्स संघका तर्फबाट सुझावहरु</u>

| | | | |
|---|---|---|---|
| | रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य व्याजदरले ब्याज लाग्नेछ । | **दफा १०२ बमोजिम संशोधित कर निर्धारण पश्चात दश वर्ष भन्दा बढी समयसम्म प्रशासकीय पूनरावेदन तथा राजश्व न्याधिकरण र अदालतमा विचाराधीन रहेको करका मुद्दाहरु यदि करदाताले फिर्ता लिएमा, सो करमा लागेका शुल्क तथा ब्याज रकम मिनाह गरिनेछ ।** | लामो समयदेखि मुद्दामा रहिरहेका कारण सुरुमा माग गरिएको कर, शुल्क र व्याजले गर्दा झण्डै दोब्बर तेब्बर हुन गई करदाताहरुमा थप अर्थिक भार पर्न गएकाले लामो समयसम्म निर्णय नभएका मुद्दाहरु फिर्ता भए सरकार तथा करदाता दुबैको स्रोतहरु बचत हुने । |
| ९ | **दफा १२० झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई शुल्क लाग्ने**<br>(क) जानाजानी वा लापरबाहीपूर्वक गरेको नभई भूलवस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत ।<br>(ख) जानाजानी वा लापरबाहीपूर्वक गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत । | (क) **हटाउनुपर्ने**<br>(ख) जानाजानी वा लापरबाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत । | निकायको हकमा करदाताहरुले आफ्नो आयको गणना पारदर्शिताका साथ, लेखापरीक्षण गरी विभागमा बुझाएका हुन्छन् । साथै यी विवरणहरु विभागबाट विवरण बुझाएको लामो समयपश्चात मात्र कर निर्धारण गरिन्छ । कर निर्धारणको क्रममा थप कर माग भएको अवस्थामा करदाताहरुले दाखिला गरेको विवरणलाई लापरबाही गरेको या नगरेको अवस्थामा मात्र शुल्क लगाउनुपर्ने व्यवस्था गर्नुपर्ने । |
| १० | **आर्थिक ऐन २०८१, को ५ न बुँदा**<br>(२) उपदफा (१) बमोजिम बिदेशी मुद्राको सटहि सुबिधा उपलब्ध गराउने बैंक तथा बित्तीय संस्थाले शिक्षा सेवाशुल्क बापत् संकलन गरेको रकम अर्को महिनाको २५ गते भित्र राजश्व खातामा जम्मा गरि सो को बिवरण सहितको जानकारी सम्बन्धित राजश्व कार्यालयमा पठाउनुपर्नेछ । | (२) उपदफा (१) बमोजिम बिदेशी मुद्राको सटहि सुबिधा उपलब्ध गराउने बैंक तथा बित्तीय संस्थाले शिक्षा सेवाशुल्क बापत् संकलन गरेको रकम **अर्को त्रैमास बितेको २५ दिन भित्र** राजश्व खातामा जम्मा गरि सो को बिवरण सहितको जानकारी सम्बन्धित राजश्व कार्यालयमा पठाउनुपर्नेछ । | देश बाहिर पढ्न जाने बिद्यार्थीले भिसा उपलब्ध हुनुभन्दा पहिले नै बिदेशी मुद्रामा पैसा पठाउनुपर्ने भएको र शिक्षा सेवाशुल्क पनि सोहि समयमा काटेर अर्को महिनाको २५ गतेभित्र बुझाउनुपर्ने हुँदा बिद्यार्थीको भिसा स्वीकृत नभएको अवस्था छ, यस्तो अवस्थामा कर कार्यलयमा शिक्षा सेवाशुल्क बुझाईसकेपछि फिर्तागर्ने प्रक्रिया झन्झटिलो हुने भएकोले शुल्क दाखिला गर्ने समय बढाउन उपर्युक्त हुने देखिएकाले । |

## नेपाल बैंकर्स संघका तर्फबाट सुझावहरु

| | | | |
|---|---|---|---|
| ११ | **आर्थिक ऐन २०८२, को २३ न बुँदा**<br>आयकर ऐन २०५८ बमोजिम साबिकमा आन्तरिक राजश्व बिभागबाट स्वीकृति प्राप्त अवकाश कोष संवत् २०८३ साल अषाढ मसान्तभित्र कर्मचारी सचंय कोष ऐन २०१९ बमोजिम स्थापित, **कर्मचारी सचंय कोष**, नागरिक लगानि कोष ऐन २०४७ बमोजिम स्थापित, **नागरिक लगानी कोष**, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन २०७४ बमोजिम स्थापित, सामाजिक सुरक्षा कोष वा निवृतभरण कोष ऐन **२०७५** बमोजिम स्थापित **भएको** निवृतभरण कोषद्धारा सचांलित अवकास कोषमा अनिबार्य रुपमा आवद्ध हुनु पर्नेछ । | **यस व्यवस्थालाई हटाउनुपर्ने ।** | राम्रो र अनुशासित हिसाबले व्यवस्थापन भएका निवृत्तिभरण कोषहरुले विगतमा उच्च तथा सिथ्र प्रतिफल प्रदान गरेको छन् । अनिवार्य हस्तान्तरणले दीर्घकालीन लाभ घटाउन सक्छ । अनिवार्य हस्तान्तरणले स्ञ्चालन तथा प्रशासनिक जटिलता बढाउन सक्छ । स्वीकृत अवकाश कोषहरु सञ्चालन गर्ने निकायहरु आफैमा पूर्ण पारदर्शिताका साथ सञ्चालन भइरहेको हुँदा स्वीकृत अवकाश कोषहरु निकायकै अधीनमा रहि नियामकीय निगरानी अन्तर्गत सञ्चालन गरिएमा निकायको संस्थागत स्वायत्तत्ता कायम रहने र सचंयकर्ताहरुको हितमा रहने भएकाले । |
| १२ | **अनुसुची - १ करका दर सम्बन्धमा प्राकृतिक व्यक्तिको लागि**<br><br>बिद्यमान प्राकृतिक व्याक्तिको लागि कर लाग्ने आयको सिमा तथा करको दर सम्बन्धमा | **अहिले प्राकृतिक व्याक्तिको लागि बिद्यमान रहेको कर लाग्ने आयको सिमा रु १० लाख तथा उच्चतम करको दर २५ प्रतिशत रहने गरि परिमार्जन गरिनुपर्ने ।** | प्राकृतिक ब्याक्तिले आर्जन गरेको आयमा प्रकृतिक व्यक्तिहरुले निकायको जस्तो दैनिक जविकोपार्जनका लागि गरिएको खर्च आयकर निर्धारण गर्दा खर्चकट्टीकोरुपमा लिन पाउने व्यवस्था नरहेको हुँदा आयकर सिमा तथा दरमा कमी गरिएमा प्राकृतिक व्यक्तिको क्रय शक्ति (Purchasing power) बढ्ने, जीयवनयापनको लागत घट्ने, थप बचत हुने तथा लगानीका लागि स्रोत जुटाउन सहायोग पुग्ने देखिन्छ । प्राकृतिक ब्याक्तिले आर्जन गर्ने आय अन्य आयभन्दा पारदर्शि हुने र उक्त आयमा लाग्ने कर लाई समय सापेक्ष बनाउनको लागी बिद्यमान रहेको आयको सिमालाई परिमार्जन गर्नुपर्ने देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | | | साथै हाम्रो छिमेकी राष्ट्र भारतको उदाहरण लिँदा पनि त्यहाँ प्राकृतिक व्याक्तिको लागि न्युनतम वार्षिक आय १२ लाख सम्म हुनेलाई केही पनि कर पर्दैन र उच्चतम करको दर पनि २५ प्रतिसत मात्र छ। यसैले प्राकृतिक व्याक्तिको लागि बिद्यमान रहेको कर लाग्ने आयको सिमा तथा उच्चतम करको दर (३६, ३९) लाई परिमार्जन गर्नुपर्ने देखिन्छ । करको दर बढाउनुको सट्टा सबै करदातालाई करको दाएरामा ल्याउनु उपयुक्त देखिन्छ । |
| १३ | **अनुसुची - १ निकायको लागि करका दर सम्बन्धमा**<br>बैंक तथा वित्तीय संस्था को करयोग्य आयमा तीस प्रतिशतका दरले कर लाग्नेछ । | **नेपालमा दर्ता भई आफ्नो व्यवसाय सञ्चालन गर्ने कुनै पनि निकायको हकमा करयोग्य आयमा पच्चीस प्रतिशतका दरले कर लाग्नेछ ।** | कर दर कम हुँदा लगानीकर्ताले प्राप्त गर्ने कर पछिको प्रतिफल बढ्नेछ। यसले घरेलु व्यवसाय विस्तार तथा विदेशी लगानीलाई प्रोत्साहित गर्नेछ । |